नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक १२९ | २०७७ साल पुस ३ गते शुक्रबार (18 Dec. 2020 Friday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारलाई उखु किसानका... ३ पृष्ठमा : जलस्रोतको बहुउपयोग... ३ पृष्ठमा : युरोपमा कोभिड-१९ को...

## उखु किसानहरुको जारि आन्दोलनमा जसपा निकट किसान संघको एक्यबद्धता




**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

उखु किसानहरुको जारि आन्दोलनमा सप्तरीका किसानहरुले बिहीबार एक्यबद्धता जनाउँदै जिल्ला प्रशासन कार्यालय अगाडी धर्ना बसेका छन् ।

जनता समाजवादी पार्टी नेपाल निकट किसान संघ सप्तरीको नेतृत्वमा सप्तरीका अगुवा किसानहरुले प्रशासन कार्यालय अगाडि एक घण्टा धर्ना बसेका हुन् ।

दिउँसो १२ बजेदेखि १ बजेसम्म उनीहरुले उखु किसानहरुको वक्यौता रकम भुक्तानी गर, धानको समर्थन मूल्य लागु गर, किसानलाई समयमा मल, खाद, बीऊ सहुलियत दरमा उपलब्ध गराउनुपर्ने मागसहित धर्ना बसेका हुन् ।

किसानहरुको समस्याप्रति सरकारले ध्यान नदिएको तथा उखु किसानहरुको मागलाई सम्वोधन गर्न ढिलाई भईरहेकोले दवाब स्वरुप आफुहरुले धर्ना कार्यक्रमलाई अगाडि बढाएको जसपाका नेता दिपेन्द्र चौधरीले बताए ।

उखु किसानहरु आन्दोलनप्रति एक्यबद्धता जनाउँन दिइएको धर्ना कार्यक्रममा जसपा केन्द्रीय सदस्य दिनेश कुमार यादव, दिपेन्द्र चौधरी, बिशेश्वर रजक, पुनम यादव, जिल्ला अध्यक्ष हरेराम यादव, युवा नेता बिनोद कुमार यादव, बिद्यार्थी नेता शम्भु यादव, रंजित यादव लगायतको उपस्थिति रहेको थियो ।

## किसान आन्दोलनको समर्थन तथा सरकारबिरुद्ध यूवाहरुको प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

जनता समाजवादी पार्टी नेपाल निकटका यूवा विद्यार्थीहरुले बिहीबर किसान आन्दोलनको समर्थन तथा सरकारद्वारा ल्याइएको अध्यादेश लगायतका अन्य असबैधानिक क्रियाकलापको बिरोध गर्दै राजविराजमा प्रदर्शन गरेका छन् ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निस्केको जुलुस किसान आन्दोलनको समर्थन तथा सरकारबिरुद्ध चर्को नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

बजार क्षेत्र परिक्रममा पश्चात् आयोजित बिरोध सभामा बोल्दै यूवा विद्यार्थीहरुले किसानहरुको जायज माग पुरा गर्न तथा विवादास्पद अध्यादेश फिर्ता नलिए आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

## विपन्न गरिबलाई स्वास्थ्य सामग्री निःशुल्क वितरण




**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

चिसो मौसममा कोरोना भाइरसको जिवाणु बढी सक्रिय हुने भन्दै यसबाट जोगिन एक संस्थाको अगुवाईमा बिहीबार विपन्न तथा गरिबलाई स्वास्थ्य सामग्री निःशुल्क वितरण गरिएको छ ।

अमेरिकामा रहेका तराई क्षेत्रका नेपालीहरुको संगठन आन्टाको सहयोगमा राजदेवी युवा समाज राजविराजले ती विपन्न र गरिबलाई स्वास्थ्य सामग्री वितरण र कोभिड-१९ बाट कसरी जोगिने विषयमा चेतनामूलक कार्यक्रमसमेत गरेको छ ।

कार्यक्रम अन्तर्गत बिहीवार राजदेवी युवा समाजले राजविराज नगरपालिका वडा नम्बर ६, ९, ११ र १२ का झण्डै ४ सय ५० दलित तथा गरिब परिवारलाई डिटोल साबुन २ पिस, मास्क ४ पिस, भिटामिन कम्पलेक्स सिरप १ र १ थान थर्मामिटर वितरण गरिएको जनाइएको छ ।

यसअघि बुधवार पनि राजविराज नगरपालिका ११ झलही र राजविराज १२ सिंग्यौन लभका टोल का झण्डै १ सय ७६ परिवारलाई डिटोल साबुन २ पिस, मास्क ४ पिस, भिटामिन कम्पलेक्स सिरप १ र १ थान थर्मामिटर वितरण गरिएको थियो ।

वितरण समारोहमा उपस्थित भएका राजदेवी यूवा समाजका तर्फबाट यूवा अभियन्ता सुजित मण्डल, बसन्त यादव लगायतले

*बाँकी दुई पृष्ठमा*



## सम्पादकीय ....

# उखु किसानहरुको समस्याप्रति सरकार गम्भिर बनौं

आफ्नो सम्पूर्ण श्रम र पुजीसमेत लगाएर महिनेतका साथ कुनै पनि बाली उब्जाएर त्यसको उचित रकम नपाएपछि जोसुकै किसानको चित्त दुःख छ। यस्तो अवस्थामा किसानहरुले जनसुकै पनि कदम उठाउन बाध्य हुन्छन्। हो यस्तै भएको छ अहिले सर्लाहीका उखु किसानहरुमा। उनीहरुले कर्जा उठाएर जसोतसो उखु उत्पादन गरेर मिलमा चिनि निर्माणका लागि दिएको उखुको रकम हालसम्म पनि पाउन नसक्दा बिचल्लीमा परेका छन्। स्थानिय चिनी मिल संचालकले विगतका वर्षहरुको भुक्तानी अझै दिनआलटाल गरिरहेका छन्। यस्तो अवस्था ती किसानहरु स्थानियस्तरबाट रकम पाउने आश नदेखेपछि अहिले राजधानी काठमाडौंमा आन्दोलनमा उत्रेका छन्।

गत वर्ष पनि उनीहरु रकमका लागि काठमाडौंमा आन्दोलन गरेपछि सरकारले रकम दिलाइदिने आश्वाशन दिएका थिए। तर, सो आश्वासन अहिले कागजमै सीमित भएको छ। उनीहरुले भुक्तानी हालसम्म पनि पाउन नसक्दा पुनः काठमाडौं पुगेर आन्दोलन गरिरहेका छन्। चिसो मौसमका आफ्नो गाउँ घर र परिवार छोडेर उनीहरु रकमकै लागि काठमाडौंको सडकमा आन्दोलनरत छन्।

यस्तो अवस्थामा उखु किसानहरुको आन्दोलनमा विभिन्न संघसंस्था तथा राजनीतिक दलहरुले एक्यबद्धता जनाएर आन्दोलनलाई थप बल दिदैछन्। सरकारले उनीहरुको समस्याप्रति गम्भिर भएर भुक्तानीका लागि चिनि मिल संचालकलाई कडा निर्देशन दिनु आवश्यक छ। तसर्थ सरकारले विगतमा गरेको प्रतिबद्धतालाई हलुका रुपमा नलिई गम्भिरतापूर्वक कार्यान्वयनको पक्षमा लागेमा किसानहरुको भलो हुनेछ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सरकारलाई उखु किसानको पत्र : बक्यौता भुक्तानी नभएसम्म घर फर्कँदैनौं

काठमाडौँ, २ पुस (रासस)।

राजधानीमा आन्दोलनरत उखु किसानले आफूहरूले पाउनुपर्ने सम्पूर्ण बक्यौता भुक्तानी नभएसम्म आन्दोलन जारी राख्ने व्यहोरासहितको पत्र सरकारलाई पठाएका छन्। समस्या समाधानका लागि छलफलमा सहभागी हुन आग्रह गर्दै गत मङ्सिर २९ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले पठाएको पत्रको जवाफ दिँदै उखु किसानले भुक्तानीको पूर्ण सुनिश्चितता नभएसम्म आन्दोलन जारी राख्ने जनाएका हुन्।

चिनी उद्योगीबाट बाँकी बक्यौता भुक्तानी दिलाइदिने सरकारको यसअघिको प्रतिबद्धता पूरा नभएको उनीहरूको गुनासो छ। आन्दोलनरत किसानले भुक्तानीका लागि सरकारलाई दुई शर्त अगाडि सारेका छन्। यसअघिको उधारो सम्झौताले किसानले अझै पनि उखुको भुक्तानी पाउन नसकेको भन्दै उनीहरूले बक्यौता भुक्तानी भए मात्र आफूहरू तत्काल घर फर्कने बताएका छन्। सरकारी पत्रको जवाफ दिँदै उखु किसान सङ्घर्ष समिति सर्लाहीका अध्यक्ष रामस्वार्थ रायले उद्योगीले किसानलाई बक्यौता भुक्तानी नदिएसम्म आफूहरूको शान्तिपूर्ण आन्दोलन जारी रहने बताउनुभएको छ।

"उद्योग मन्त्रालयले उद्योगीबाट कुन मितिसम्म भुक्तानी गराउन, त्यो मितिसम्म पीडित किसान सडकमै रही शान्तिपूर्ण आन्दोलनमा हुनेछन्", सङ्घर्ष समितिले सरकारलाई दिएको पत्रमा भनिएको छ। उनीहरूले पत्रमा राज्यकोषबाट किसानलाई बक्यौता भुक्तानी दिन र सम्पूर्ण रकम उद्योगीबाट ब्याजसहित असुलउपर गर्न पनि सरकारलाई सुझाव दिएका छन्। सङ्घर्ष समितिका अध्यक्ष रायले आन्दोलनरत किसानले दिएका दुईमध्ये एक विकल्प कार्यान्वयन गर्न आग्रह गर्नुभयो। उखु किसान वार्ताको विरोधी नभई परिणाममुखी वार्ताको पक्षमा रहेको बताउँदै उहाँले बिनाआधार वार्ता गर्नुको अर्थ नभएको प्रष्ट्याउनुभयो।

उखु किसान सङ्घर्ष समिति सर्लाही र उद्योग मन्त्रालयबीच २०७६ पुस १८ गते किसानको बक्यौता भुक्तानी गर्नेसम्बन्धी पाँच बुँदे सम्झौता भएको थियो। सरकारले तोकेबमोजिमको मूल्यअनुसार २०७६ माघ ७ गतेभित्र चिनी उद्योग किसानलाई सम्पूर्ण भुक्तानी गर्ने सहमति भएको थियो। सरकार, उद्योगी र किसानबीच सहमति भएको १० महिना बितिसक्दा पनि अझै किसानले बक्यौता भुक्तानी पाएका छैनन्।

यता उद्योग मन्त्रालयले भने उखु किसानले उठाएका विषय सम्बोधन गर्न आतुर रहेको भए पनि किसान छलफलका लागिसमेत तयार नदेखिएको जनाएको छ। मन्त्रालयका सहसचिव डा नारायण रेग्मीले उखु किसानलाई समस्या समाधानका लागि छलफलमा पटकपटक बोलाइएको बताउनुभयो। "हामीले वार्ताका लागि उहाँहरू (उखु किसान) लाई बोलाएका छौँ", उहाँले भन्नुभयो, "किसान छलफलका लागि आउनुभएको छैन।"

# पुसभित्र तीन लाखको 'एन्टिजेन' परीक्षण

काठमाडौँ, २ पुस (रासस)।

सरकारले पुसभित्र तीन लाखको 'एन्टिजेन' विधिमार्फत कोरोना परीक्षण गर्ने भएको छ। समुदायस्तरमा सङ्क्रमण फैलिएको छ वा छैन भनेर पत्ता लगाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले एन्टिजेन परीक्षण गर्ने भएको हो।

मन्त्रालयका कोभिड-१९ स्रोत व्यक्ति (फोकल पर्सन) महेन्द्रप्रसाद श्रेष्ठले परीक्षणका लागि देशभरि नै कर्मचारी खटाइएको जानकारी दिनुभयो। उहाँका आगामी आइतबारदेखि देशैभरि एन्टिजेन परीक्षण शुरु गरिने छ। उहाँले २०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका ठाउँमा उक्त परीक्षण गरिने बताउनुभयो। "२०० भन्दा बढी सक्रिय सङ्क्रमित, हटस्पट, ठूला शहर, घना बस्ती र सङ्क्रमणको शङ्कास्पद व्यक्तिमा परीक्षण गरिनेछ", उहाँले भन्नुभयो, "परीक्षणबाट समुदायस्तरमा सङ्क्रमण कति फैलिएको छ भन्ने थाहा हुनेछ।"

यसअघि इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले समुदायस्तरमा सङ्क्रमण फैलिएको अवस्था पत्ता लगाउन 'सेरो सर्भेलेन्स' गरेको थियो। जसमा १३.९ प्रतिशत मात्र समुदायका मानिसलाई सङ्क्रमण देखिएको थियो। ठूलो सङ्ख्यामा गरिने एन्टिजेन परीक्षणबाट १५ मिनेटमा नै सङ्क्रमण भए/नभएको पत्ता लाग्ने छ।

एन्टिजेन परीक्षणका लागि प्रयोगशालाको आवश्यकता पर्दैन। यस विधिबाट परीक्षण गर्दा स्वाबलाई परीक्षण कीटमा राखेर केही क्षणमै नतिजा थाहा पाउन सकिन्छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले काठमाडौँ उपत्यकामा एन्टिजेन परीक्षण गर्दा आठ प्रतिशत मानिसमा सङ्क्रमण देखिएको जानकारी दिनुभयो।

अहिलेसम्म पिसीआर विधिबाट १८ लाख ४९ हजार १३६ को कोभिड-१९ परीक्षण गरिएको छ। प्रति दश लाखमा ६३ हजार ३६८ जनामा परीक्षण गरिएको छ। त्यसमध्ये दुई लाख ५० हजार ९१६ सङ्क्रमित, नौ हजार ७५७ जना सक्रिय सङ्क्रमित, दुई लाख ३९ हजार ४१६ जना निको र एक हजार ७४३ जना सङ्क्रमणबाट निको भएका छन्। अहिले सरकारी ४५ र निजी ३५ प्रयोगशालाबाट दैनिक करिब सात हजारका दरले पिसीआर परीक्षण भइरहेको छ।

## *विपन्न गरिबलाई ...*

कोरोना भाइरसबाट कसरी जोगिने र हात धुने तरिकाबारे सर्वसाधारणलाई जानकारी गराएका थिए।

यता राजदेवी युवा समाजका अध्यक्ष सुजित मण्डलले अमेरिकामा बस्दै आएका साथीहरुको सहयोगमा चेतनामुलक कार्यक्रममै कोरोना भाइरसबाट जोगिन आवश्यक स्वास्थ्य सामग्रीसमेत उपलब्ध गराएको तथा यस कार्यक्रमलाई निरन्तरता दिने बताए।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# जलस्रोतको बहुउपयोग गर्न 'राष्ट्रिय जलस्रोत नीति' सार्वजनिक

काठमाडौं, २ पुस (रासस)।

जलस्रोतको बहुआयामिक, समन्यायिक एवं दिगो विकास तथा बहुउपयोगबाट आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्ने दीर्घकालीन सोचका साथ सरकारले 'राष्ट्रिय जलस्रोत नीति, २०७७' सार्वजनिक गरेको छ। झण्डै चार वर्षको अथक मेहेनत र सम्बद्ध सरोकार भएका व्यक्ति समूह र निकायको साझा प्रयासमा नीति सार्वजनिक गर्न सकिएको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले जानकारी दिनुभयो।

नीतिले देशमा उपलब्ध जलस्रोतको संरक्षण, संवर्द्धन र बहुउपयोगी विकास एवं दिगोरूपमा उपयोग गरी आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि योगदान पुऱ्याउने लक्ष्य राखेको छ। यस्तै नीतिको उद्देश्यमा राष्ट्रिय जल उपयोगको बहुआयामिक आवश्यकताको सहज परिपूर्तिका लागि समुचित प्रयोग गर्ने, राष्ट्रिय जल उपयोगको बहुआयामिक आवश्यकताका सहज परिपूर्ति गर्ने उद्देश्य राखेको छ।

मन्त्री पुनले सार्वजनिक गर्नुभएको नीतिको उद्देश्यमा जलस्रोतको बहुआयामिक तथा समान्यायिक विकास र उपयोग गरी राष्ट्रिय उत्पादन वृद्धिमा योगदान पुऱ्याउने, जलस्रोत क्षेत्रको संरक्षण, विकास, व्यवस्थापन र नियमन गर्दा अध्ययन, अनुसन्धान तथ्य एवं प्रमाणको आधारमा गरिनेछ। यस्तै सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा जलस्रोतको संरक्षण, विकास तथा उपायोग गर्ने, नागरिकका आवश्यकता परिपूर्तिका लागि आवश्यक पर्ने जलस्रोतजन्य सेवा सुविधा सहज सुलभ, सुपथ र समन्यायिक तवरले उपलब्ध हुने गरी जलस्रोत क्षेत्रको विकास गरिने भएको छ।

त्यस्तै आर्थिक सामाजिक तथा वातावरणीय पक्षमा पर्नसक्ने नकारात्मक प्रभाव न्यून हुने गरी जलस्रोतको विकास र उपयोग गर्ने र जलउत्पन्न विपद्को न्यूनीकरण एवं प्रभावकारी व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्ने उद्देश्य नीतिले राखेको छ। नीतिले ११ वटा रणनीतिहरू तय गरिएको छ। त्यसमा नदी बेसिन गुरुयोजनाको आधारमा जलस्रोतको उपयोग तथा व्यवस्थापन गरिनेछ।

एकीकृत जलस्रोत व्यवस्थापन तथा जलस्रोतको बहुउद्देश्यीय उपयोगलाई प्राथमिकता दिइने छ। यसैगरी जलस्रोत क्षेत्रको संरक्षण, विकास, व्यवस्थापन तथा नियमनका लागि उचित संस्थागत व्यवस्था गर्दै जलस्रोत संरक्षण र विकासमा निजी क्षेत्र तथा सम्बन्धित सरोकारवालाको सहभागिता अभिवृद्धि गर्ने रणनीति राखिएको छ। त्यस्तै, जलस्रोत क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, सम्बन्धित संस्था तथा जनशक्तिको क्षमता विकास गर्ने नीतिको रणनीति रहेको छ। सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र दायित्व स्पष्ट गरी जलस्रोतको उपयोग गर्ने, जलस्रोत आयोजनाहरूबाट प्रभावित क्षेत्र तथा समुदायको सुरक्षा एवं संरक्षण गरिनेछ।

सामाजिक, सांस्कृतिक एवं वातावरणीय पक्षमा पर्न सक्ने नकारात्मक प्रभाव न्यून हुने गरी उपयोग गर्ने र जलजन्य विपद्हरूको नियन्त्रण एवं न्यूनीकरण गर्ने रणनीति पनि राष्ट्रिय जलस्रोत नीतिमा समावेश छ। मन्त्री पुनले वृहत अन्तरक्रियाबाट पहिलोपटक राष्ट्रिय जलस्रोत नीति तय गरिएको जानकारी दिनुभयो। उहाँले प्राकृतिक सम्पदालाई कसरी सदुपयोग गर्न सकिन्छ र आगामी दिनमा कसरी भावी पुस्तालाई अगाडि बढाउन सकिन्छ भन्ने विषय समेटिएको उहाँको भनाइ छ।

सङ्घीय संविधान जारी भएपछि जलस्रोतको उपयोगका लागि तीनवटै तहबाट हुने र गरिने काम कारवाहीअनुसार नै नीति तयार पारिएको मन्त्री पुनको भनाइ छ। जलस्रोतलाई सिँचाइ, जलविद्युत् र पर्यटन क्षेत्रमा कसरी उपयोग गर्न सकिन्छ भन्ने स्पष्ट दृष्टिकोणका साथ नीतिले स्पष्ट मार्गदर्शन गरेको मन्त्री पुनको भनाइ छ। जल तथा ऊर्जा आयोगका सचिव सागरकुमार राईले नीतिले जलस्रोतको प्रयोग समान्य अवस्थामा र विशिष्ट अवस्थामा कसरी प्रयोग गर्ने भन्नेबारेमा स्पष्ट मार्गनिर्देशन गरेको जानकारी दिनुभयो।

# कोभिड १९ ले आप्रवासी श्रमिकहरूलाई पारेको प्रभाव बारेमा एम्नेस्टीद्वारा रेडियो कार्यक्रम सुरू

**दैनिक समाचारदाता**
**काठमाडौं, २ पुस।**

अन्तर्राष्ट्रिय श्रमिक दिवसको सन्दर्भ पारेर एम्नेस्टी इन्टरनेसनल नेपालले शुक्रबारदेखी "हजार माइलको यात्रा" नामक एउटा नयाँ अडियो कार्यक्रमको प्रसारण प्रारम्भ गर्दैछ।

कोभिड १९ महामारी र महामारी नियन्त्रण तथा रोकथामका लागि सरकारद्वारा गरिएका प्रतिकार्यले नेपाली आप्रवासी श्रमिकमाथि पारेको प्रभावका बारेमा उक्त कार्यक्रमले प्रकाश पार्ने छ।

'द स्टोरी किचेन' सँगको सहकार्यमा बनेको यस कार्यक्रममा छवटा शृंखलाहरू रहेका छन्। प्रत्येक शृंखलामा कोभिड १९ महामारी सुरू भएपछि आप्रवासी श्रमिकहरूले भोगेका अनुभवहरूको विविध पक्षका बारे चर्चा गरिएका छन् र कार्यक्रममा आप्रवासी श्रमिक, सरकारी अधिकारीहरू, पत्रकार र आप्रवासी श्रमिकहरूको अधिकारक्षेत्रमा सक्रिय अभियन्ताहरूसँगको अन्तर्वार्ता र कुराकानी रहेको छ।

"नेपाली आप्रवासी श्रमिकहरू महामारी सुरू हुनुअगाडिदेखि नै सबैभन्दा असुरक्षितमध्येको एउटा जनसाङ्खिक समूहमा रहेका थिए जो निरन्तर रूपमा रोजगारदाता र भर्ती केन्द्रहरूबाट दुर्व्यवहार र शोषणको शिकार हुँदै आएका थिए।

कोभिड १९ महामारी र यस महामारीले निम्त्याएको स्वास्थ्य सङ्कटको प्रतिकार्यमा विभिन्न सरकारहरूले ल्याएका सरकारी नीतिहरूले उनीहरूको पहिल्यैदेखिको अस्थिर र जोखिम अवस्थालाई थप नाजुक बनाएको थियो। संक्रमणको जोखिम हुँदा हुँदै पनि कतिपय श्रमिकहरूलाई काममा जान बाध्य पारिएको थियो भने कतिपयलाई त आधारभूत सेवा सुविधाहरू उपभोग गर्नबाट समेत वञ्चित पारिएको थियो।

सरकारले एक्कासी र एकदमै छोटो सूचना दिएर सीमा नाकाहरू बन्द गरी आवतजावतमा बन्देज लगाएपछि हजारौं श्रमिकहरू अलपत्र परेका थिए," एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले भने।

"यो वर्ष स्वदेश र विदेश दुवै ठाउँमा यस्ता अद्भूत समस्याहरू सामना गर्न बाध्य भएका व्यक्तिका कथाहरूलाई यस रेडियो कार्यक्रमको श्रृङ्खलामा समेट्ने प्रयत्न गरिएको छ। साथै विभिन्न सरोकारवालाहरूलाई कार्यक्रममा आमन्त्रण गरेर हामीले आप्रवासी श्रमिकका हक(अधिकार सुनिश्चित गर्नका लागि आवश्यक पर्ने नीतिगत विषयका साथै यस वर्ष स्वदेश फर्किएका श्रमिकहरूको सहज र सफल सामाजिक पुनर्एकीकरण सुनिश्चित गर्ने राज्यको दायित्वका बारेमा एउटा संवादको सुरूवात गर्ने कोशिश गरेका छौं।"

यस अडियो कार्यक्रमको पहिलो श्रृंखला शुक्रबार बिहान उज्यालो एफएम, रेडियो सिन्धु, मिता एमएम (सिराहा), रेडियो नुवाकोट र शुक्लाफाँटा एफएम लगायत ७ प्रदेशका १७ वटा रेडियो स्टेशनहरूबाट प्रशारण हुने छ। कार्यक्रम हाम्रोपात्रो यापलगायत अन्य पोडकास्टिङ्ग प्लेटफर्ममार्फत अनलाइन पनि उपलब्ध हुनेछ। कार्यक्रमको नयाँ श्रृंखला हरेक शुक्रबार र शनिवार बिहान सार्वजनिक हुनेछ।

# नौ महिनापछि काठमाडौं-नयाँदिल्ली उडान शुरु

काठमाडौं, २ पुस (रासस)।

कोभिड-१९ महामारीका कारण प्रतिबन्ध गरिएको नेपाल-भारत उडान शुक्रबारदेखि पुनः शुरु भएको छ।

करिब नौ महिनापछि काठमाडौं-नयाँदिल्ली उडान पुनःसञ्चालनमा आएको हो। नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को न्यारोबडी एउ३२० जहाजले काठमाडौंबाट १४१ यात्रु लिएर केहीबेरअघि दिल्ली उडेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ। बिहान ११:२० बजे उडेको उडान नं २०५१ जहाज दिल्लीबाट त्यहाँको समयअनुसार दिउँसो १:५५ बजे काठमाडौं फर्किने उडान तालिका छ। एक सय ५७ यात्रु क्षमताको न्यारोबडी जहाजमा १३५ इकोनोमिक र १६ बिजनेस क्लासका यात्रु सवार रहेको निगमले जनाएको छ।

नौ महिनापछि पहिलो उडानको अकुपेन्सी उत्साहवर्द्धक रहेको र दिल्ली गन्तव्यमा आगामी दिनमा विगतमाभैं प्रत्येक दिन दुई उडानको अपेक्षा गरिएको निगमको प्रवक्ता करिश्मा श्रेष्ठले बताउनुभयो। "भारतले आयोजना गरेको बबेल अवधारणाबाट निगम निकै उत्साहित भएर उडानमा जुटेको छ, भारतका अन्य दुई गन्तव्यमा पनि विगतमाभैं छिट्टै उडान हुने अपेक्षा गरिएको छ", उहाँले भन्नुभयो।

काठमाडौं-नयाँदिल्ली गन्तव्यमा दुवै देशले दैनिक दुई उडान भर्नेछन्। दुवै पक्षका सरकारले 'एयर ट्रान्सपोर्ट बबल संयन्त्र' को अवधारणाअन्तर्गत काठमाडौं र दिल्लीबीच नियमित निर्धारित उडान पुनः शुरु गरिएको हो।

कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल तथा भारत दुवै मुलुकले अन्तर्राष्ट्रिय नियमित अन्तरदेशीय उडानमा प्रतिबन्ध लगाएकोमा हाल दुवै मुलुकले अन्तर्राष्ट्रिय उडानमा गरिएको प्रतिबन्ध 'एयर ट्रान्सपोर्ट बबल' मार्फत खुकुलो बनाएकाले निगमले काठमाडौं-दिल्ली रुटमा हाललाई दैनिक नियमित एक उडान गर्न लागिएको जनाएको छ।

नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र भारतको एयर इण्डियाले दैनिक उडान गर्नेछन्। नेपाल एयरलाइन्सले बन्दाबन्दीका कारण विसं २०७६ चैत १० (२३ मार्च २०२०) गतेदेखि काठमाडौं-दिल्ली उडान स्थगन भएको थियो। गत भदौ १६ देखि नियमित अन्तर्राष्ट्रिय उडान शुरु भएको थियो। यी उडानमा नेपालतर्फ यात्रुले ७२ घण्टे पिसीआर रिपोर्ट पेश गर्नुपर्नेछ भने भारतबाट आउँदा त्यहाँ अनलाइन फाराम भर्नुपर्ने प्रावधान छ।

कोभिड महामारीका कारण उडान स्थगन हुँदा यात्रुको आवागमन चापमा परेको प्रभावको अध्ययन गरी उडान सङ्ख्यामा समायोजन गर्न सकिने र सोको सूचना दिइने तथा नेपाल सरकार र भारत सरकारले निर्धारण गरेको स्वास्थ्यसम्बन्धी शर्तहरूको पूर्ण पालना गर्दै यात्रुलाई अधिकतम सुविधासहित सङ्क्रमणरहित गुणस्तरीय हवाई सेवा प्रदान गर्न प्रतिबद्ध रहेको निगमले जनाएको छ।

निगमको अन्तर्राष्ट्रिय उडान गन्तव्यको व्यापारिक हिसाबले भारतका गन्तव्य निकै राम्रो मानिन्छ। लामो समय उडान नहुँदा निगमलाई आर्थिकरूपमा निकै घाटा भएको छ। सामान्य अवस्थामा काठमाडौं-दिल्ली दैनिक दुई उडान हुन्थ्यो। कोभिड महामारीकै बीच अहिले दैनिक एक उडान हुन लागेको हो।

यो गन्तव्यको उडानमा यात्रुको मागबमोजिम निगम नेपाल एयरलाइन्सका वाइडबडी ए-३३० र वाइडबडी ए-३२० जहाजले आलोपालो गरेर उडान भर्नेछन्। निगमले भारतका तीनसहित सात देशका नौ गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भर्दै आएको छ। कम्पनीसँग अन्तर्राष्ट्रिय उडानका लागि दुई थान वाइडबडी र दुई थान न्यारोबडी जहाज छन्।

## विश्व समाचार

### युरोपमा कोभिड-१९ को खोप अभियान थालनी गर्न दबाब

बर्लिन, २ पुस (रासस-एएफपी)।

युरोपेली युनियनमा आबद्ध मुलुकहरुमा यस वर्षको अन्त्य हुनुअघि नै कोरोनाभाइरस विरुद्धको खोप लगाउन थाल्ने प्रतिबद्धता युरोपेली नेताहरुले व्यक्त गरेका छन्।

युरोपमा कोभिडको दोस्रो लहरले जनजीवन अस्तव्यस्त बनाउन थालेसँगै जतिसक्दो चाँडो खोप लगाउनु पर्ने दबाब बढेको छ। यही अवस्थालाई मध्यनजर गरी जर्मनीले आगामी डिसेम्बर २७ देखि नै खोप अभियान शुरु गर्ने जनाएको छ।

यही दिनदेखि सम्भवतः युरोपेली युनियनमा आबद्ध सबै मुलुकमा खोप अभियान शुरु हुँदैछ। फ्रान्सले यसै वर्ष सन् २०२० को अन्त्यसम्ममा ११ लाख ६० हजार डोज खोप प्राप्त हुने जनाएको छ। अर्को महिनाभित्र अरु २३ लाख डोज खोप फ्रान्सले प्राप्त गर्दैछ।

कोरोनाभाइरसका कारण विश्वभर मृत्यु हुनेको संख्या पाँच लाख पुग्ने खतरा भइसक्दा पनि युरोपेली युनियनमा खोपको आपूर्तिमा तुलनात्मक रुपमा ढिलाई भइरहेको छ। बर्लिन शहरको सुनसान सडकमा भेटिएका ५७ वर्षीय आइनेस कुम्पलले भन्नुभयो, "शहर आजभोलि सुनसान देखिएको छ।"

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार विगत २४ घण्टामा संयुक्तराज्य अमेरिकामा मात्र तीन हजार ७०० भन्दा बढीको मृत्यु भएको छ भने दुई लाख ५० हजारभन्दा बढी नयाँ संक्रमित देखिएका छन्। यो तथ्याँकले युरोपमा देखिएका कोरोना संक्रमितको संख्यालाई पनि ओझेलमा पारेको छ।

डेनमार्क, फ्रान्स, टर्की र नेदरल्यान्ड्सले प्रतिबन्धहरुलाई अझ कडाई गरेका छन् भने स्पेनका प्रधानमन्त्रीले आफ्नो मुलुकमा कोरोना संक्रमितको संख्या बढेकामा चिन्ता व्यक्त गर्नु भएको छ।

यसैबीच, युरोपेली आयोगकी प्रमुख उर्सुला भोन लियेनले कोरोना महामारीबाट छुटकारा पाउन कम्तीमा ७० प्रतिशत जनसंख्यालाई खोप लगाउनुपर्ने बताउनु भएको छ।

बेलायत र संयुक्तराज्य अमेरिकाले खोप लगाउन थालेसँगै युरोपेली मुलुकमा पनि खोप लगाउन दबाब बढेको छ। बेलायत र अमेरिकाले फाइजर र बायोएनटेकले विकास गरेको खोप लगाएका छन्। अमेरिकी अर्को कम्पनी मोडर्नालाई पनि अमेरिकी नियामक निकायले अनुमति दिने बारेमा परामर्श गरिरहेको छ।

बेलायत सरकारले हालसम्म १ लाख ३७ हजारभन्दा बढी व्यक्तिले पहिलो डोज खोप लगाइसकेको जनाएको छ।

### चीनले चन्द्रमाको चट्टान र धुलो लिएर पृथ्वी फर्कियो

बेइजिङ, २ पुस (रासस/एएफपी)।

चीनको एक मानवरहित अन्तरिक्ष यान चन्द्रमाबाट चट्टान र धुलो लिएर बिहीबार पृथ्वीमा फर्किएको छ। योसँगै चन्द्रमाबाट माटो र ढुंगा ल्याउने अभियानमा चीनले सफलता प्राप्त गरेको छ।

यी नमूनाहरूले चन्द्रमाको उत्पत्ति र ज्वालामुखी क्रियाकलापमा अन्तरदृष्टि प्रदान गर्ने, यद्यपि त्यस मिशनले चीनको प्राविधिक प्रगतिलाई कसरी प्रदर्शन गऱ्यो भन्ने कुरामा थप तत्काल ध्यान केन्द्रित गरिएको वैज्ञानिकहरूले जनाएका छन्।

चीनको चाङ्-अ फाइभ अभियान अन्तर्गत अन्तरिक्ष यान बिहीबार भित्री मङ्गोलिया क्षेत्रमा अवतरण गरेको जनाएको छ। अन्तरिक्ष यान हिउँले ढाकेको घाँसे मैदानमा अवतरण गरेको थियो। सन् १९७० को दशकयताकै चन्द्रमा पुगेर फर्किएको यो पहिलो सफल चन्द्र अभियान बनेको छ।

यसअघि यस्तो सफलता ४४ वर्ष अगाडि प्राप्त भएको थियो। जतिबेला सोभियत लुना ट्वेन्टी फोर अभियानले करिब दुई सय ग्राम सामान पृथ्वी ल्याएको थियो। अहिले ल्याइएका नयाँ नमुनाले पृथ्वीको उपग्रह र चन्द्रमाको भूगर्भबारे ताजा जानकारीहरू प्रदान बताइएको छ। "चीनले लामो समयदेखि यसको लागि तयारी गरिरहेको एस्ट्रोफिजिक्स अनुसन्धानकर्ता हार्वर्ड स्मिथसोनियन सेन्टर जोनाथन म्याकडोवेलले एएफपीलाई बताउनु भएको छ।

### अमेरिकामा कोरोनाबाट एकै दिनमा ३ हजार ७०० को मृत्यु

वासिङ्टन, २ पुस (रासस/एएफपी)।

अमेरिकामा बुधबार एकै दिनमा कोरोना भाइरस संक्रमणको कारण ३ हजार ७०० व्यक्तिको मृत्यु भएको छ। गत २४ घण्टामा यहाँ २ लाख ५० भन्दा बढी व्यक्ति कोरोना भाइरस संक्रमित भएका जोन्स हप्किङ विश्वविद्यालयले जानकारी दिएको छ।

अमेरिकामा कोरोना भाइरस संक्रमणको कारण एक महिनायता १ लाख १३ हजार भन्दा बढी व्यक्ति उपचारकोलागि अस्पताल भर्ना भएका छन्। वर्षको डिसेम्बेर महिनाबाट चीन हुबे प्रान्त वुहान शहरबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका अत्यन्त प्रभावित भएको छ।

यस संक्रमणको कारण अमेरिकामा ३ लाख भन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने १ करोड ७३ लाख ९४ हजार भन्दा बढी व्यक्ति संक्रमित भएका छन्। कोरोना संक्रमणको कारण विश्वभरीमा ७ करोड ४५ लाख ९८ हजार व्यक्ति संक्रमित भएका छन् भने १६ लाख ५६ हजार ५५४ जनाको संक्रमणको कारण मृत्यु भएको छ।

# प्रदेश स्तरीय महिला क्रिकेटमा सर्लाही र बारा बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

राजविराजमा संचालित प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तरगत प्रदेश स्तरिय महिला छनौट क्रिकेट प्रतियोगिताको बिहीबार सम्पन्न खेलमा सर्लाहीले सप्तरीलाई ६९ रनले तथा सिरहाले बारालाई ९ बिकेटले पराजित गरेको छ ।

सम्पन्न पहिलो खेलमा सर्लाहीले टसजिती सप्तरी बिरुद्ध पहिलो ब्याटिंग गर्दै निर्धारित २० ओभरको खेल १५ ओभरमा ५ बिकेटको नोक्सानीमा २ सय १५ रन बनाएका थिए । सर्लाहीका लागि मेलिना रायमाझीले ५९ बलमा १२ चौक्का मद्धतले अविजित ७८ रनको योगदान दिएका थि भने श्रेया थापा १९ रनमा अविजित रहेका थिए ।

बलिंगतर्फ सप्तरीका नविता चौधरीले ३ बिकेट तथा सिता चौधरीले १ बिकेट लिएका थिए । सप्तरीले निर्धारित समय भन्दा ढिलो ओभररेटका कारण स्थानीय अवस्थालाई आधार मानी प्रति ओभर १० रनका दरले कुल ५० रन पेनाल्टी वापत दिएका थिए ।

२ सय १६ रनको बिशाल लक्ष्य लिई मैदानमा ओर्लेको सप्तरी १६ ओभरमा ९ बिकेट गुमाई १ सय ४६ रन बनाएका थिए । सर्लाहीले समेत ढिलो ओभररेटका कारण १० रनका दरले कुल ४० रन पेनाल्टी वापत दिएका थिए । सप्तरीका नविता चौधरी ११ बाहेक कसैले दोहोरो अंक छुन सकेका थिएन । बलिंग तर्फ सर्लाहीका दुर्गा कार्की र दिया बिकले सामान २ बिकेट तथा मिनिका कुमारी साह, यमुना श्रेष्ठ र सरला श्रेष्ठले सामान १ बिकेट लिएका थिए ।

खेलको म्यान अफ द म्याच उत्कृष्ट ब्याटिंग गरे वापत सर्लाहीका मेलिना रायमाझी भएका थिए ।

यस्तै बिहिवारै सम्पन्न अर्को खेलमा बाराले सिरहा बिरुद्ध टसजिती बाराले ब्याटिंग गर्दै निर्धारित २० ओभरको खेलमा ४ बिकेट गुमाई ८४ रन बनाएका थिए । बाराका लागि साना प्रविनले ६३ बलमा ३ चौक्काको मद्धतले अविजित ३३ रन बनाएका थिए भने चान्दनी अधिकारीले १५ रनको योगदान दिएका थिए । बलिंग तर्फ सरस्वती चौधरीले २ बिकेट तथा सन्तोषी चौधरी र कविता गौतमले १/१ बिकेट लिएका थिए ।

८५ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको सिरहाले उक्त लक्ष्य सजिलै १० ओभर ५ बलमा १ बिकेटको नोक्सानीमा प्राप्त गरेका थिए । सिरहाका लागि अनुराधा चौधरीले २७ बलमा ६ चौक्काको मद्धतले ३८ रन बनाएका थिए भने उर्मिला चौधरीले ३५ बलमा ३ चौक्काको मद्धतले २६ रनको योगदान दिएका थिए । दुवै खेलाडि अविजित रहेका थिए ।

खेलमा उत्कृष्ट प्रर्दशन गरे वापत सिरहाका अनुराधा चौधरी म्यान अफ द म्याच भएका थिए ।

# अपहरण तथा बन्धक बनाई बलात्कार गर्ने अभियुक्तलाई १९ वर्ष कैद

राजविराज, २ पुस (रासस) ।

सप्तरीबाट अपहरण गरी १५ वर्षीया बालिकालाई सुनसरी पुर्‍याएर बन्धक बनाई बलात्कार गरेको आरोपमा एक किशोरलाई १९ वर्ष चार महिना कैद सजायको फैसला भएको छ ।

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-४ मधवापुरका १८ वर्षीय किशोरलाई सप्तरी जिल्ला अदालतले कैद सजायका साथै जरिवाना तिराउने र क्षतिपूर्ति भराउने फैसलासमेत गरेको हो । जिल्ला न्यायाधीश चन्द्रमणि ज्ञवालीको इजलासले आरोपितलाई जबर्जस्ती करणी गरेको आरोपमा आठ वर्ष कैद, अपहरण तथा शरीर बन्धकतर्फ चार वर्ष आठ महिना कैद र ४६ हजार ६४६ जरिवाना तथा थप सजायतर्फ छ वर्ष आठ महिना कैद र रु ६६ हजार ६६६ जरिवाना तोकेको अदालतले जनाएको छ । आरोपितले पीडितलाई एकुमष्ठ रु ५० हजार क्षतिपूर्तिसमेत भर्नुपर्ने फैसला भएको छ ।

कैदतर्फ सबैभन्दा बढी जबर्जस्ती करणीमा आठ वर्ष कैद सजाय भुक्तान गरेपछि अपहरण तथा शरीर बन्धकतर्फको सानो कैद भोग्नु नपर्ने तर थप सजाय भने भोग्नुपर्ने जिल्ला अदालतले जनाएको छ । आरोपितसमेत बालबालिका भएकाले दुई तिहाइ कैद सजाय हुने तर जरिवाना र क्षतिपूर्ति भने तिर्नुपर्ने ठहर भएको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले जनाउनुभयो ।

आरोपितले ०७५ मङ्सिर २५ गते गाउँघरबाटै बालिकालाई अपहरण गरी सुनसरीको इटहरी पुर्‍याएर बन्धक बनाई बलात्कार गरेको भन्दै पीडितका बुबाले जिल्ला प्रहरी कार्यालय सप्तरीमा ०७५ पुस ३ गते उजुरी दिनुभएको थियो । जिल्ला प्रहरी कार्यालय सप्तरीले आरोपितलाई ०७५ पुस ४ गते पक्राउ गरेको थियो । पक्राउ परेका आरोपितलाई सप्तरी जिल्ला अदालतले ०७५ पुस २८ गते बाल सुधारगृहमा पठाउने आदेश गरेको थियो ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*